# सूचना विभागको सङ्क्षिप्त इतिहास

शिव रेग्मी

आजको युग सूचनाको युग हो, समाचारको युग हो । समाचार वा सूचनाविना कुनै पनि चेतनशील नागरिकको जीवन चल्न सक्दैन । प्रत्येक राष्ट्रले स्वस्थ, स्वच्छ र मर्यादित पत्रकारिताको विकासको निमित्त एक निकायको व्यवस्था गरेको हुन्छ । लोकहितकारी कार्यका साथै विकास निर्माण तथा अन्य कुराको जानकारी, सूचना तथा समाचारको प्रवाह पनि यही निकायले गर्दछ । बेलाबेलामा सरकारका तर्फबाट पत्रकार सम्मेलन आदिको व्यवस्था यही निकायबाट हुने गर्छ ।

यस्ता सूचना प्रत्येक नागरिकले पाउने उसको अधिकार हो भने यसरी मागेको सूचना वा समाचार दिनु राष्ट्रको पहिलो दायित्व र कर्तव्य पनि हो । देशको बारेमा अन्तर्राष्ट्रिय जगतमा जानकारी दिने निकायको पनि आवश्यकता पर्छ । नेपालमा यस प्रकारको कार्य गर्न स्थापना गरिएको थियो प्रचार विभाग जसलाई पछि सूचना विभाग भनियो । यस लेखमा प्रचार/सूचना विभागको २०४६ सालसम्मको इतिहासका केही पक्षको चर्चा गर्ने प्रयास गरिएको छ। नेपालको राजनीतिक कालक्रमअनुसार लेखलाई विभिन्न खण्डमा विभाजन गरिएको छ । पहिलो, दोस्रो र तेस्रो खण्डमा क्रमश: २००५ देखि २००७ साल, २००७ देखि २०१७, २०१७ देखि २०४६ सम्मको प्रचार विभाग तथा सूचना विभागको गतिविधि र यसको इतिहासलाई समेटिएको छ ।

*मिडिया अध्ययन* ५: ८७-१०२  २०६७

## २००५-२००७ साल

झण्डै एक शताब्दी अघिदेखि चल्दै आएको एकतन्त्रीय राणा शासनको अन्त्यतिर प्रधानमन्त्री बन्न पुगेका भीमशमशेरका पालामा जनतामा चेतना र जागरणको झिल्को उठ्न सुरु भएको थियो । त्यस बेलाका 'पुस्तकालय पर्व' (१९८७), 'प्रचण्ड गोर्खा पर्व' (१९८८) आदिले यही सङ्केत गर्छन् । भीमशमशेरको मृत्यु भएपछि प्रधानमन्त्री भएका जुद्धशमशेरको पालामा प्रजापरिषद्का चार जनालाई फाँसी दिई शहिद बनाइएको १९९७ साल काण्ड तथा दोस्रो विश्वयुद्धको समाप्तिपछिको परिवेशले आम जनतामा जागरुकता बढ्यो । यसले गर्दा उनीहरू पनि राजनीतिमा चाख लिन थाले । यही स्थितिका बीच २००२ मङ्सिरमा प्रधानमन्त्री बनेका पद्मशमशेरले 'म राष्ट्रको नोकर हुँ' भन्ने अभिव्यक्ति दिएर राणा शासनको बन्देजलाई अलि खुकुलो बनाउने सङ्केत गरेका थिए । उनकै प्रयासमा 'नेपाल सरकारको वैधानिक कानून २००४' प्रकाशनमा आयो । २००४ सालमा नै उनले छापाखाना तथा प्रकाशन ऐन ल्याएर पहिलो प्रेस कानून पनि लागू गरे । हप्ताको दुईपटक प्रकाशन हुँदै आएको *गोरखापत्र*लाई हप्ताको तीनपटक प्रकाशन हुने बनाए । यसरी हेर्दा उनी राणा शासकहरूमध्ये केही उदार थिए भन्न सकिन्छ ।

२००५ वैशाख १८ गते नेपालका अन्तिम राणा प्रधानमन्त्री बनेका मोहनशमशेर स्वयं प्रचारमुखी र आफ्नो प्रशंसा चाहने स्वभावका थिए । उनले त्यतिखेर क्रान्तिको स्वर मत्थर पार्न केही सुधारका कार्य योजनाबद्ध हिसाबले सुरु गर्न खोजेका थिए । आफूले गरेका कार्यको प्रचारप्रसार जनताबीच गरेर उनीहरूबाट समर्थन आओस् भन्ने उनी चाहन्थे । २००५ जेठ १४ गते उनले आफ्नो सिन्दुर जात्रा भव्य रूपमा सम्पन्न गराए । यही दिन *गोरखापत्र*ले उनको 'सिन्दुर जात्रा' को विशेषाङ्क निकालेर भक्तिभाव प्रदर्शन गरेको थियो । थुप्रै नामी कवि, लेखक, कर्मचारी, सेवकहरूले भक्तिभावसहित उनको स्तुतिगान गरेका थिए । प्रधानमन्त्री मोहनशमशेरको सङ्क्षिप्त जीवनीसहित उनले उठाएको भावी योजनाबारे विस्तृत विवरण समेत *गोरखापत्र*मा छापिएको थियो (शर्मा २००५) ।

मोहनशमशेरले त्यस दिन सिन्दुर जात्रापछि सिंहदरबारमा पत्रकार सम्मेलन गरे । तर यो पत्रकार सम्मेलन भाषणको रूपमा रहेको थियो । त्यस अवसरमा उनले नेपालको भौगोलिक एवं ऐतिहासिक अवस्थाको वर्णन गरेका थिए । साथै, नेपालको परराष्ट्र नीति, खाद्यान्न समस्या, आदर्शबस्ती प्रबन्ध, औद्योगिकीकरण, विद्युत, यातायात, हवाइमार्गको प्रबन्ध, टेलिफोन विस्तार, विश्वविद्यालयको स्थापना आदिका सम्बन्धमा योजना प्रस्तुत गरेका थिए (शर्मा २००५) । यस सिन्दुर जात्राको रिपोर्टिङ गर्न भारतीय समाचार समिति युपीआईका संवाददाता मदनमोहन गुप्तालाई

नेपालको प्रचारप्रसारका लागि गुप्तालाई मोहनशमशेरले झिकाएका हुन् । उनले सिन्दुर जात्रापछि संवाददाता मदनमोहन गुप्तालाई मासिक भारतीय रु. एक हजार पारिश्रमिक दिएर नेपालसम्बन्धी समाचारहरू विदेशी पत्रपत्रिका तथा अन्य संस्थाहरूमा समेत पठाउने कामको जिम्मेवारी दिएर राखे । त्यतिखेर गुप्ता नेपालमा 'बडेभाइ' का नामले प्रख्यात थिए (खत्री सन् १९८३ : ५१) ।

यही क्रममा प्रचारप्रसारको महत्त्व बुझेका प्रधानमन्त्री मोहनशमशेरले २००५ साउन ५ गते प्रचार विभागको स्थापना गरे । त्यसको डाइरेक्टर जनरल पदमा विजयशमशेरलाई तोकियो (नवीन २०४० : २२) । सचिवको काम गर्न नरेन्द्रमणि आ.दी.लाई तोकियो । उनी तत्कालीन प्रधानमन्त्रीको निजी सचिव पनि थिए । २००५ कात्तिकमा वीरगञ्जबाट श्यामप्रसाद शर्माले *सेवा* मासिक प्रकाशनको लागि पठाएको निवेदनमा नकारात्मक प्रत्युत्तर दिँदै सही गर्ने नरेन्द्रमणिले आफूलाई प्रचार अफिसर उल्लेख गरेको देखिन्छ (हेर्नुहोस् तस्बिर १) । यो पत्र श्यामप्रसादको पुस्तक *आएका केही चिठी*मा समेटिएको छ (श्यामप्रसाद २०५५ : २१) ।

**नरेन्द्रमणि आ० दी०**

प्रचार विभाग,
काठमान्डू
९ कार्तिक, २००५

पं० श्यामप्रसाद,

७ गते कार्तिकमा श्री सु० मा० ने० ता, सु० प्र० गो० द० बा० मेजर जनरल विजयशमशेर जङ्गबहादुर राणा साहेबका हजुरमा जाहेर गरिपठाउनुभएको बिन्तीपत्र दाखिल भई बेहोरा जाहेर भयो ।

'सेवा' का निमित्त पेस भएका लेखहरू जाँचनाको लागि पठाइएका छन्, तिहार नसकिई ती तहाँ पुग्नालाई मुस्किल देखेकोले सूचनन गरेको छु ।

नेपाल राज्यभरिमा गैरकानुनी घोषित भएको संस्थाका सदस्य हुनेहरूको लेख हाम्रो देशका पत्रपत्रिकामा प्रकाशित हुनु राम्रो देखिन्न भन्ने कुरामा 'सेवा' को पनि सहमति होला भन्ने आशा गरेको छु ।

भवदीय
नरेन्द्रमणि
प्रचार अफिसर

पं० श्यामप्रसाद शर्मा,
सेवा सदन, वीरगन्ज

'०५ कार्तिक १४ मा उत्तर

तस्बिर १ : *आएका केही चिठी*, पृ. २१ मा छापिएको पत्र ।

यसको एक वर्षपछि दार्जिलिङका पारसमणि प्रधानलाई *भारती*का दुई प्रति प्राप्त भएको जानकारी दिँदा नरेन्द्रमणि तत्कालीन प्रधानमन्त्रीका निजी सचिवका रूपमा देखिन्छन् (हेर्नुहोस् तस्बिर २) । हुनसक्छ प्रचार विभाग, प्रधानमन्त्री स्वयंले आफ्नो मातहतमा राखेका थिए जसरी २००७ सालको क्रान्तिपछि केही समय राज्य व्यवस्था विभागअन्तर्गत प्रचार विभागलाई राखिएको थियो । प्रचार विभागले त्यस बेला गर्ने कामबारे सूचना विभागको कार्य विधि, २०६१ मा भनिएको छ :

> नेपाल अधिराज्यका विभिन्न भागहरूमा भएका विकासका काम र घटनासम्बन्धी विवरण बडाहाकिममार्फत प्राप्त गरी प्रचार विभागका डाइरेक्टरले सेन्सर गरी प्रकाशन गर्न पठाइन्थ्यो । त्यस समयका *शारदा, उद्योग* आदि साहित्यिक पत्रिकामा प्रचार विभागबाट सेन्सर भएर मात्र लेख रचना प्रकाशित हुन्थे । भारत तथा अन्य देशबाट आएका पत्रपत्रिकालाई हुलाक र थानकोटमा रोकी विभागमा ल्याएर सेन्सर गरेपछि मात्र सम्बन्धित प्रापकलाई बुझाइन्थ्यो । नेपालसम्बन्धी र नेपालमा छापिएका पुस्तकहरू पनि प्रचार विभागले जाँच्ने र आपत्तिजनक भए जफत गरिने र नभए बजारमा बिक्रीका लागि पठाउने गरिन्थ्यो (श्री ५ को सरकार २०६१ : १) ।

माथि उल्लेख भएका व्यहोरा त्यति विश्वसनीय भने देखिँदैन किनकि त्यति बेला *युगवाणी* र *नेपालपुकार* भारतमा प्रकाशन हुन्थे । नेपालबाहिर प्रकाशन हुने ती पत्रिका प्रचार विभागबाट कसरी जाँच पास भएर मात्र छापिन्थ्यो भन्ने प्रस्ट हुँदैन । सङ्क्षेपमा भन्नुपर्दा प्रचार विभागले बाहिरबाट आएका पत्रपत्रिकाको 'सेन्सर' गर्ने, नेपालबाट प्रकाशित पत्रपत्रिकामा अवाञ्छनीय सामग्रीहरू छाप्न नदिने जस्ता कार्य गर्थ्यो । साथै, यसले देशमा भएको घटनाको विवरण, खबर, समाचारको बुलेटिन निकाल्थ्यो । यही क्रममा प्रचार विभागले २००५ माघमा शङ्करशमशेरलाई बेलायतका लागि नेपाली राजदूत नियुक्त गरिँदा निकालेको प्रेस विज्ञप्तिको व्यहोरा *उदय* (साहित्यिक मासिक) पत्रिकाको वर्ष १२ अङ्क ४ (२००५ माघ) मा प्रकाशित छ (हेर्नुहोस् तस्बिर ३) । २००६ सालमा मोहनशमशेरले आफ्नो शासनकालमा भए गरेका कार्यहरूको विवरणसमेत समावेश गरी एक पुस्तिका प्रकाशन गरेका थिए (खत्री २०३२ : ३०) ।



TRUE COPY

604/3C.

Singha Durbar,
Katmandu,
Nepal.
August 12th, 1949.

Dear Sir,

I am in receipt your letter dated July 24, 1949, together with two Complimentary copies of the Asar and Shrawan issues of the 'Bharati' for the perusal of His Highness The Maharaja, for which please accept my thanks.

As commanded by His Highness The Maharaja I have pleasure in conveying to you His Highness' good wishes for the success of the 'Bharati'.

I have also to inform you that on enquiry at the appropriate Department I have been informed that there is no ban on the entry of your magazine into Nepal.

Yours faithfully,

Sd/— N. A. Dikshit

(Sardar Narendramani A. Dikshit)
Private Secretary.

Mr. Paras Mani Pradhan,
Editor,
The "Bharati',
Bharati Karyalaya,
Darjeeling.

तस्बिर २ : *भारती* वर्ष १ अङ्क ४, २००६, मा छापिएको पत्र ।




**नेपाली राजदूतको पदमा श्री जनरल शंकर शम्शेर ज. ब. राणाको नियुक्ति**

काठमाण्डू माघ १० गते । गो. प. को समाचार छ कि श्री सु. मा. ने. ता. ओम् रामपट्ट, सु. त्रि. प. सु-प्र. प्र. गो. द. बा. सीनियर कमाण्डिङग जनरल केसर शम्शेर ज. ब. राणा जी. ओ. एल. एच., जी. बी. ई., गत् शरद् ऋतुमा जंगी तर्फको सीनियर कमाण्डिङग जनरलको ओहदा सम्हाल्न नेपाल फिरिबक्सिएकाले वहाँको ठाउँमा बिलायतकानिम्ति नेपाली राजदूत र वाशिंगटन (अमेरिका) कानिमित्त नेपाली मिनिष्टरको पदमा श्री सुप्रादिप्त मान्यवर ने. ता., ॐ रामपट्ट, सुविख्यात त्रिशक्तिपट्ट सुप्रसिद्ध प्रबल गो. द. बा. जनरल शंकर शम्शेर ज. ब. राणा के. बी. ई. नियुक्त हाइबक्सिएको छ। आगामी मार्चको आखीरसम्म युनाइटेड किंगडमतर्फ मौसुफको सवारी हुने कुरा प्रचार बिभागको प्रेस बिज्ञप्तिबाट थाहा भएको छ।

तस्बिर ३ : *उदय* पत्रिका, वर्ष १२ अङ्क ४ मा समाचारका रूपमा छापिएको प्रचार विभागको प्रेस विज्ञप्ति ।

सुरुमा प्रचार विभागले नेपाल सरकारको प्रवक्ताको काम गरेको देखिन्छ। त्यसैले कुनै नयाँ समाचार प्रचार गर्नु, अखबारमा प्रकाशित कुनै समाचारको खण्डन गर्नु यसको काम थियो। श्री ५ महाराजाधिराजको विज्ञप्ति वा नेपाल सरकारको जुनसुकै मन्त्रालयको विज्ञप्ति पनि प्रचार विभागबाट नै जारी हुने प्रचलन रहेको देखिन्छ।

प्रचार विभागको स्थापना भएपछि मुलुकमा भएका घटनाहरूको विवरण बडाहाकिममार्फत विभागलाई प्राप्त हुन्थ्यो। यसरी प्राप्त भएपछि विभागका डाइरेक्टरले समाचार जाँच गरी उल्लेख्य घटनाका विषयलाई लिएर समाचारको रूप दिई बुलेटिन निकाल्न थालियो। टेकबहादुर खत्रीले २६ जुन १९५२ (अर्थात् २००९ असार १३) मा नेपाल समाचार बुलेटिन निक्लेको उल्लेख गरेका छन् (खत्री २०३२ : ३१)। तर दार्जिलिङबाट प्रकाशित *भारती* (साहित्यिक मासिक) वर्ष २ सङ्ख्या १ (२००६ असार) को अङ्कमा नेपाल प्रचार विभागको न्यूज बुलेटिन नं. १६ बाट भन्दै जगदीशशमशेरको विवाहको समाचार प्रकाशन गरिएको छ। तसर्थ यो बुलेटिन कहिलेदेखि निकाल्न थालियो भन्ने यकिन हुँदैन। यो न्यूज बुलेटिन कति कति दिनमा निक्लन्थ्यो भन्ने कुरा पनि कतैबाट खुल्दैन। २००६ असारमा *भारती*मा छापिएको समाचार नै बुलेटिन नम्बर १६ बाट लिइएको देखिँदा त्योभन्दा केही समय अघिदेखि नै प्रकाशनमा आएको पुष्टि हुन्छ।

## २००७ देखि २०१७ साल

२००७ सालको क्रान्तिपछि नेपाल सरकारले मुलुकमा आएको राजनीतिक व्यवस्था परिवर्तनसँगै प्रचार विभागको संरचना र नेतृत्वमा पनि परिवर्तन गर्‍यो। पत्रपत्रिका तथा भर्खर खुलेको रेडियो नेपाललाई पनि समेट्ने गरी प्रचार विभागको कार्यक्षेत्र तोकियो। बालकृष्ण समलाई सो विभागको निर्देशक तोकियो। समको पालामा प्रचार विभागको साङ्गठनिक सुधारबाहेक सायद अरू केही काम हुन सकेन। समपछि विभागको डाइरेक्टरमा बालचन्द्र शर्मा, बासुदेव शर्मा, सुरेन्द्रराज शर्मा, आदि डाइरेक्टरका रूपमा रहनु भयो। बासुदेव शर्मा डाइरेक्टर भएका बेलामा २०११ सालमा *एन इन्ट्रडक्सन् टु नेपाल* नामक एउटा पुस्तिका प्रकाशन भएको देखिन्छ (जीओएन सन् १९५३)। यसमा नेपालको इतिहास भूगोल र यहाँका जातजातिबारे जानकारी छ। अङ्ग्रेजीमा लेखिएको यो पुस्तिका प्रचार विभागबाट छापिएको पहिलो हो।

२००७ सालको क्रान्तिपछि नेपाल सरकारले पनि सरकारी सूचना, विज्ञप्ति, नियम, कानून आदि प्रकाशनका निमित्त प्रत्येक हप्ता *नेपाल गजेट* निकाल्न सुरु

गरेको थियो । यो २००८ साउन २२ देखि प्रकाशनमा आउन थालेको हो (नेपाल सरकार २००८) । सुरुमा *नेपाल गजेट* गृह मन्त्रालयअन्तर्गत रहेको 'जुडिसियल सेक्रेटरियट' बाट प्रकाशन हुँदै आएकोमा २००८ मङ्सिर २५ देखि प्रचार विभागलाई गजेट प्रकाशनको जिम्मेवारी दिइएको देखिन्छ । तर अनौठो कुरा के छ भने धेरै वर्षसम्म 'गोरखापत्र छापाखानाबाट प्रकाशित' भनेर गजेटमा उल्लेख भएको पाइन्छ । २०१३ सालमा मात्र यो सच्चिएर 'गोरखापत्र छापाखानामा मुद्रित' भनी उल्लेख हुन थालेको देखिन्छ ।

२००९ सालमा यस विभागले विज्ञप्तिको रूपमा राजा त्रिभुवनको आज्ञापत्र समेत जारी गरेको थियो । यो आज्ञापत्र शाही परामर्शदाताहरूका लागि जारी गरिएको देखिन्छ । यसमा परामर्शदाताहरूको काम, कर्तव्य र सुविधाहरूबारे उल्लेख छ (भारती २००९) । २००९ सालदेखि प्रचार विभागले पीटीआई र हिन्दुस्तान समाचार समितिसँग समाचार किन्न थाल्यो । यो समाचार रेडियो नेपाल र *गोरखापत्र*ले समेत प्रयोग गर्ने गर्दथे । २०१२ सालतिर प्रचार विभागको सङ्गठनमा केही हेरफेर भएको तथ्य रामराज पौडेलले उल्लेख गरेका छन् । पौडेलका अनुसार डाइरेक्टरको मातहतमा रहने गरी असिस्टेन्ट डाइरेक्टरको दरबन्दी थप गरिएको थियो भने असिस्टेन्ट गजेटेड अफिसरहरूको पनि दरबन्दी सिर्जना भयो । यसरी नै २०१३ सालमा एडिसनल डाइरेक्टरको सट्टा अर्को असिस्टेन्ट डाइरेक्टर पद सिर्जना गरेर प्रचार विभागमा आन्तरिक प्रचार तथा बाह्य प्रचार शाखाहरूको व्यवस्था गरियो (पौडेल २०२७ : ३०१) ।

२०१३ सालमा महेन्द्रको राज्याभिषेकको अवसरमा प्रचार विभागले केही सामग्रीहरू छापेको हुनुपर्छ । तर त्यतिखेरका सामग्रीहरू केही फेला पर्दैनन् । २०१४ सालमा यो विभागले *आदर्श सम्राट* नामक पुस्तकको तेस्रो संस्करण प्रकाशनमा ल्याएको छ । त्यसै गरी मैत्रदेव पाठकद्वारा लिखित श्रीलङ्काको भ्रमण सहितको *आदर्श सम्राट श्री ५ महेन्द्र* नामक पुस्तक पनि प्रकाशनमा ल्याएको देखिन्छ ।[१] २०१४ सालमै भएको राजनीतिक सम्मेलन बारेको पुस्तिका पनि प्रचार विभागबाट निक्लेको देखिन्छ ।

नेपाली पत्रकारिताको इतिहासमा २०१४ साल उल्लेख्य वर्षको रूपमा मान्नुपर्छ । सुरुमा प्रचार विभागका डाइरेक्टर सुरेन्द्रराज शर्माको अध्यक्षतामा प्रेस कमिसनको गठन भएको थियो । तर यो कमिसन गठन प्रक्रियामा केही त्रुटि देखिएकाले पुनः

---

१ यो पुस्तक पढ्न पाइएको छैन । तर मदनपुरस्कार पुस्तकालयले प्रकाशित गरेको पुस्तकको सूची *मदन सौरभ*मा यसको उल्लेख गरिएको छ (हेर्नुहोस् मदनपुरस्कार पुस्तकालय २०३१) ।

अर्को कमिसन विशेष न्यायाधीश कृष्णप्रसाद चापागाईंको अध्यक्षतामा गठन हुन पुग्यो। यसमा शाही प्रेस सेक्रेटरी रेणुलाल सिंह, गृह मन्त्रालयका का.मु. सचिव जीवनाथ लोहनी, गोपालदास श्रेष्ठ, माणिकलाल श्रेष्ठ, रामराज पौडेल तथा सदस्य-सचिवमा प्रकाशमान सिंह रहनुभएको थियो। यो कमिसनले २०१५ जेठ ३१ मा विस्तृत प्रतिवेदन पेस गरेको थियो। (चापागाईं २०६०[२०१५]) । यस प्रतिवेदनले २००७ पछिको नेपाली पत्रकारिता क्षेत्रको सात वर्षको मूल्याङ्कन गरेको थियो। त्यसक्रममा यस क्षेत्रलाई विकास गर्न आवश्यक संयन्त्र र पत्रकारिता क्षेत्रमा सरकारले गर्न सक्ने सहयोगको खोजी गरिएको थियो।

प्रतिवेदन प्राप्त भएपछि त्यतिखेरको सरकारले प्रतिवेदनमा दिएका सुझावहरूको काम कारबाही सुरु गरेको थियो। त्यसअनुसार २०१५ असोज २० मा *गजेट*मा पत्र प्रतिनिधिहरूलाई प्रमाणपत्र दिने नियम जारी गर्‍यो। र, त्यसको सम्पूर्ण जिम्मेवारी प्रचार विभागलाई सुम्पियो। २०१६ मङ्सिरदेखि पत्रपत्रिकालाई चार श्रेणीमा विभाजन गरी २०० देखि ६०० सम्मको आर्थिक सहायता दिने गरेकोमा २०१८ सालदेखि रु. ९४० देखि १,००० सम्मको सरकारी सहायता उपलब्ध गराउने नीति लिइयो (चापागाईं २०६०[२०१५]) । यसरी २०१७ अघि नै प्रचार विभागमार्फत पत्रकारिता क्षेत्रको विकासका लागि केही कदम चालेको देखिन्छ।

## २०१७-२०४६ साल

२०१७ सालको राजनीतिक परिवर्तनपछि बहुदलीय व्यवस्थालाई असफल साबित गर्न तथा निर्दलीय व्यवस्थाको पक्षपोषणका लागि धेरै प्रचारात्मक गतिविधि भयो। प्रचार विभागले यस सन्दर्भमा धेरै प्रकारका सामग्रीहरू प्रकाशन गरी वितरण गर्‍यो। प्रचार तथा प्रसार विभागलाई पनि गृह मन्त्रालयबाट झिकेर छुट्टै राष्ट्रिय निर्देशन मन्त्रालय गठन गरी त्यसैअन्तर्गत राखियो। २०१८ मा *निर्देशन* नामक मासिक पत्रिका समेत प्रकाशनमा ल्याइयो। प्रचारप्रसार विभागले प्रचार सामग्रीको प्रकाशनमा विविधता ल्याएको त्यसै बेलादेखि हो। क्यालेण्डर, डायरी, पोष्टरहरू तथा अमरवाणीजस्ता प्रकाशन सुरु गरिए। यस्ता सामग्री देशविदेशमा पठाउने काम पनि पञ्चायत कालमा भएको थियो। २०१९ को डायरीमा नेपालले शिक्षा, स्वास्थ्य, सञ्चार आदि क्षेत्रमा गरेको प्रगतिलाई उजिल्याइएको थियो (श्री ५ को सरकार २०१९) ।

२०१८ सालमा निर्देशन मन्त्रालयले *हुलाकको सङ्क्षिप्त इतिहास* प्रकाशित गरेको देखिन्छ (श्री ५ सरकार २०१८) । पञ्चवर्षीय योजना, त्रिवर्षीय योजना, नेपाल परिचयसम्बन्धी पुस्तकहरू प्रकाशित भएका छन्। यसै गरी नेपालको इतिहास, भूगोल, संस्कृतिका पुस्तकहरू प्रकाशित भएका छन्। २०१८ सालको

सुरुदेखि पञ्चायती व्यवस्था व्यापक प्रचारप्रसारको लागि जोड दिई तिनै विषय गाउँ पञ्चायतदेखि अञ्चल पञ्चायतसम्मको परिचय पुस्तिकाहरू पनि प्रकाशित भएका थिए ।

२०२० असोजदेखि प्रचारप्रसार विभागबाट द्वैमासिक *विकासोन्मुख नेपाल* निकालेको देखिन्छ । २०२२ सालमा प्रचारप्रसार मन्त्रालय गठन भयो । २०२२ सालतिर चाहिँ प्रचार विभागले प्रकाशन गर्ने पुस्तक पुस्तिकामा विविध विषयले प्रवेश पाएको देखिन्छ । यसै बेला इतिहास, भूगोल, सांस्कृतिक र साहित्यिक पुस्तकहरू प्रकाशनमा आएका थिए । यसको केही समयपछि प्रचारप्रसार मन्त्रालयलाई सूचनाप्रसार मन्त्रालय भनी नामकरण गरिएपछि २०२३ सालमा प्रचार विभागको नाम पनि परिवर्तन गरी सूचना विभाग बनाइयो । २०२४ सालमा 'गाउँ फर्क अभियान' लागू भएपछि प्रचारप्रसारमा अरू तीव्रता थपियो ।

सूचना विभागले २०२७ जेठदेखि "देशलाई विभिन्न पक्षबाट देशभित्र र बाह्य विश्वमा समेत परिचय गराउने उद्देश्यले" *नेपाल* नामक सामयिक पत्रिकाको प्रकाशन सुरु गरेको थियो । यो पत्रिका चौमासिक रूपमा (वर्षको ३ पटक : वैशाख १, भदौ १ र पुस १) प्रकाशित हुने गरेको थियो । यस पत्रिकामा नेपालसम्बन्धी विविध पक्षका लेख रचना प्रकाशित गरिन्थ्यो । यसको पहिलो अङ्क तत्कालीन राजा महेन्द्र वीरविक्रम शाहको ५१ औं जन्मोत्सवको उपलक्ष्यमा निकालिएको थियो (हेर्नुहोस् तस्बिर ४) । नेपाली र अङ्ग्रेजी लेखहरू छापिने यो पत्रिका हाल (२०६६ साल) सम्म पनि चलिरहेकै छ । यसमा नेपालको इतिहास, संस्कृति, साहित्य, कला, मठ-मन्दिर, विभिन्न जनजाति, भाषा, रीतिरिवाज बारेका लेख रचना प्रकाशित हुन्छन् । यसका साथै सरकारका नीतिगत कुराहरू पनि बेलाबेलामा प्रकाशित हुने गरेका छन् ।

वास्तवमा भन्ने हो भने आजको सूचना विभाग प्राविधिक तथा प्रशासनिक दुवै दृष्टिले २०१८ सालको प्रचारप्रसार विभागबाट बसेको हो । २०१८ सालपछि नै यसले दृश्य माध्यमलाई पनि प्रचारका लागि प्रयोग गर्न थालेको थियो । त्यस्तै २०१८ सालमा अमेरिकी सरकारको सहयोगमा पत्रपत्रिकाहरूलाई ब्लक वितरण गर्न थालियो । यी ब्लकहरू सरकारी र गैरसरकारी प्रकाशनमा प्रयोग हुन्थे । सूचना विभागले ब्लक वितरण गर्दा निजी पत्रपत्रिकालाई सहयोग हुन्थ्यो । यसै बेलादेखि फोटोग्राफी, वृत्तचित्र, समाचारचित्र निर्माण तथा कथानक चलचित्रको परिकल्पना समेत सुरु भयो । २०२१ जेठ २५ गतेदेखि फ्रान्सको एएफपीसँग सम्झौता गरी विश्वघटनासम्बन्धी समाचार प्राप्त गर्न थालियो । विभागमार्फत एएफपीको समाचार *गोरखापत्र* र रेडियो नेपालले समेत प्रयोग गर्ने गर्थे ।




तस्बिर ४ : *नेपाल* पत्रिकाको पहिलो अङ्क ।

कथानक चलचित्र निर्माणतर्फ *आमा* (२०२२), *हिजो आज भोलि* (२०२४), *परिवर्तन* (२०२७) जस्ता फिल्मको निर्माण सूचना विभागबाट भयो । चलचित्र निर्माणले यस विभागको छवि उज्यालियो (अजीत २०६४) । त्यस बेला नै प्रचार विभागमा फिल्म डिभिजनको स्थापना गरिएको थियो । यो डिभिजनको स्थापनामा राजा महेन्द्रले भारतबाट नेपाल झिकाएका हिरासिंह खत्रीको प्रमुख भूमिका थियो । उनले २०१९ मै *श्री ५ महेन्द्रको ४२ औँ शुभजन्मोत्सव* नामक वृत्तचित्र

निर्माण गरेका थिए । प्रचारप्रसार विभागका तत्कालीन निर्देशक नारायणप्रसाद बास्कोटा र खत्रीको संयुक्त सक्रियतामा केही युवकलाई फिल्मका विभिन्न पक्षमा तालिम लिन पठाइएको थियो (चौलागाईं २०६४ : २४) । प्रचार विभागको यही डिभिजनले नेपालका गाउँ गाउँमा चलचित्र, समाचारचित्र देखाउने टोली बनाएको थियो । यसरी कथानक चलचित्रको माध्यमबाट पनि पञ्चायती सरकारले आफ्नो राजनीतिक विचारधाराको प्रचार गरेको थियो ।

सूचना विभागले बेला-बेलामा सरकारका विभिन्न निकाय तथा स्वदेशी र विदेशी अखबारहरूमा समेत प्रकाशित समाचारप्रति सचेत गराउन प्रेस कटिङको सेवा पुऱ्याउँदैआएको थियो । यो सेवा सरकारी विभाग, मन्त्रालयलाई दिइन्थ्यो । यसका साथै देशका विभिन्न अञ्चल जिल्लाहरूमा प्रचार केन्द्र तथा सूचना केन्द्रको पनि व्यवस्था गरेको थियो । ती केन्द्र विराटनगर, पोखरा, वीरगञ्ज, नेपालगञ्ज, भैरहवा, इलाम आदि ठाउँमा खोलिएका थिए (राणा २०३३ : २४) ।

सूचना विभागले बेलाबेलामा निश्चित विषयमा गोष्ठी तथा सम्मेलन गर्दथ्यो । उदाहरणका रूपमा युनेस्कोको निम्ति नेपाल राष्ट्रिय आयोगसँग मिलेर २०२४ मा यसले नेपालमा सार्वजनिक सञ्चार विषयक पहिलो गोष्ठी गरेको थियो । त्यस गोष्ठीमा पत्रकार र जनसम्पर्क अधिकृत गरी ३१ जनाले भाग लिएका थिए । यो गोष्ठी २०२४ मङ्सिर १५ देखि पुस १५ सम्म भएको थियो (खत्री २०३२) । यस सम्मेलनका तीन उद्देश्य थिए– सबैलाई सञ्चारमार्फत सामाजिक र आर्थिक विकासमा गर्न सकिने कामबारे जानकारी दिने; आम सञ्चारमा संलग्न व्यक्तिलाई तालिमको व्यवस्था गर्ने; र गाउँ फर्क राष्ट्रिय अभियानमा पत्रकार र आम सञ्चारकर्मीलाई सहभागी गराउने (खत्री सन् १९७६ : ९७) ।

२०२८ सालमा सरकारले राष्ट्रिय सञ्चार योजना लागू गरेपछि सूचना विभागको उद्देश्य, नीति र सङ्गठनमा आमूल परिवर्तन गरियो ।[२] यस योजनामा सूचना विभागको नीति शीर्षकअन्तर्गत यस्तो उल्लेख थियो, "श्री ५ को सरकारले प्रतिपादन गरेको नीति योजना आदि जानकारी सर्वसाधारणलाई प्राप्त गराउनु, प्रकाशन क्षेत्रमा सरकारको प्रतिनिधित्व गर्नु र पत्रकार जगतसँग आवश्यक सम्पर्क कायम राख्नु सूचना विभागको मूल उद्देश्य हुनेछ" (श्री ५ को सरकार २०२८ : २२) । यही उद्देश्य प्राप्तिका लागि नीति, योजना र सङ्गठनको व्यवस्था भयो, जसको बेला-बेलामा परिवर्तन र परिमार्जन हुँदै आएको छ ।

---

[२] यस योजनाबारे विस्तृतका लागि महर्जन (२०६६) हेर्नुहोस् ।

यस योजनामा सूचना विभागलाई सञ्चार मन्त्रालयअन्तर्गत ल्याइएको थियो । सूचना विभागबाहेक यस योजनाले हुलाक, श्री ५ को छापाखानाका लागि विभाग छुट्टयाएको थियो (श्री ५ को सरकार २०२८) । साधारणतया अत्यावश्यक सेवा प्रदान गर्ने संस्थालाई विभाग बनाउने चलन थियो । यो योजना साउन २०२८ मा लागू हुनुअघिसम्म सूचना विभागले धेरै काम गर्दैआएको थियो । यसले छापाखाना र प्रकाशन कानून, सरकारी प्रकाशन र पत्रपत्रिका, चलचित्र, समाचार समिति, श्री ५ को छापाखाना र पत्रपत्रिका विकाससम्बन्धी काम गर्थ्यो । त्यसै कारण यस योजनाले सूचना विभागलाई चुस्त र दुरुस्त बनायो (श्री ५ को सरकार २०२८ : ११) ।

यस योजनामा उल्लेख भएअनुसार सूचना विभागलाई विभिन्न ठाउँमा वाचनालय खोल्ने, पत्रपत्रिकाको मूल्याङ्कन गर्ने जिम्मेवारी पनि दिइएको थियो । सरकारका मन्त्रालय, विभाग आदिबाट प्रकाशित हुने सबै प्रकारका विज्ञप्ति, समाचार, टिप्पणी, स्पष्टीकरण तथा अन्य लिखित जानकारी यसै विभागमार्फत मात्र जाने प्रावधान राखियो । यसै गरी योजना मुताविक सूचना विभागले गर्नुपर्ने कार्यहरूको यावत फेहरिस्त बनाइएको थियो । योजनाले सूचना विभागलाई प्रेस सम्मेलन, प्रशासन तथा लेखा र प्रकाशन शाखा गरी तीन शाखामा विभाजन गरेको थियो (श्री ५ को सरकार २०२८) ।

२०२८ को सञ्चार योजनाले सूचना विभागले गर्दै आएको चलचित्रसम्बन्धी कामका लागि छुटै– शाही नेपाल चलचित्र संस्थानको परिकल्पना गरेको थियो ।[३] यस योजनाकै आधारमा सूचना विभागमा चलचित्रसम्बन्धी काम गर्ने व्यक्ति जान चाहेमा शाही नेपाल चलचित्र संस्थानमा लगिएको थियो । योजनामा उल्लेख गरिएका कार्यअनुसार सूचना विभाग केही समय चले पनि पछि विस्तार-विस्तार खुकुलिएर आ-आफ्नो काम आ-आफ्नै मन्त्रालय, विभागबाट हुन थाल्यो ।

२०३१ सालमा सूचना विभागले अर्को उल्लेखनीय कार्य गरेको थियो । त्यतिखेरका चार विकास क्षेत्रका सबै जिल्लाको परिचयात्मक विवरणको रूपमा *मेचीदेखि महाकाली* ग्रन्थ प्रकाशनमा ल्यायो । चार भागमा विभाजित यस ग्रन्थमा सबै जिल्लाका प्राकृतिक सम्पदा, जनजीवन, आर्थिक अवस्था, यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य र प्रशासनको बारेमा जानकारी दिइएको थियो । यो जाँचबुझ केन्द्रले गरेको अध्ययनको नतिजा थियो (श्री ५ को सरकार २०३१क) । यसको पहिलो भागमा पूर्वाञ्चल विकास क्षेत्र (श्री ५ को सरकार २०३१क), दोस्रो भागमा

[३] विस्तृतका लागि यसै अङ्कमा हर्षमान महर्जनको लेख हेर्नुहोस् ।

मध्यमाञ्चल विकास क्षेत्र (श्री ५ को सरकार २०३१ख), तेस्रो भागमा पश्चिमाञ्चल विकास क्षेत्र (श्री ५ को सरकार २०३१ग) र चौथो भागमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्र (श्री ५ को सरकार २०३१घ) लाई समेटिएको छ ।

२०३६ सालमा जनमत सङ्ग्रहको घोषणापछि नेपाली पत्रकारिताक क्षेत्रले केही खुकुलोपन महसुस गर्न पायो । प्रेस जगतको समस्या र समाधानको उपाय समष्टि रूपमा अध्ययन गरी प्रतिवेदन पेस गर्न २०३७ फागुन ११ गते शाही प्रेस आयोग गठन गरिएको थियो । सर्वोच्च अदालतका माननीय अतिरिक्त न्यायाधीश त्रिलोकप्रताप राणाको अध्यक्षतामा गठित उक्त आयोगमा खड्गमान सिंह, पद्युम्नलाल राजभण्डारी, ग्रीष्मबहादुर देवकोटा, नेपाल पत्रकार सङ्घका सभापति सदस्य रहेका थिए । सचिवको काम गर्न सूचना विभागको निर्देशकलाई तोकिएको थियो । आयोगले विस्तृत अध्ययन गरी २०३८ साउनमा प्रतिवेदन पेस गऱ्यो । यसले पत्रकारिता क्षेत्रमा गर्नुपर्ने सुधारबारे सुझाव दिएको थियो (राणा २०३८) । तर प्रतिवेदन पूर्ण रूपमा लागू हुन सकेन र पत्रकार जगतमा असन्तुष्टिका बीउहरू जस्ताका तस्तै रहिरहे ।

२०२८ सालमा 'विकासको लागि सञ्चार' नाराका साथ लागू गरिएको राष्ट्रिय सञ्चार योजनाले विभिन्न मन्त्रालयअन्तर्गत छरिएर रहेका अङ्ग तथा निकायलाई एकै छातामुनि ल्याउने सराहनीय कार्य गऱ्यो । तर पछि सञ्चार मन्त्रालयअन्तर्गत रहेको सांस्कृतिक संस्थान २०३९ सालमा शिक्षा मन्त्रालयअन्तर्गत राखिनु, प्रसार विभागको सट्टा २०४१ भदौ १ गतेदेखि रेडियो प्रसार सेवा विकास समिति गठन हुनु तथा २०४२ सालदेखि नेपाल टेलिभिजन स्थापना हुनु जस्ता कारणले पुरानो सञ्चार योजनाको औचित्य रहेन । त्यसैले २०४५ सालमा राष्ट्रिय सञ्चार नीति तथा कार्यक्रम तर्जुमा गरियो । पत्रपत्रिकाको क्षेत्रमा भएका विकास तथा सूचना प्रवाहमा भएको विकासलाई दृष्टिगत गरी यस नीतिमा सूचना विभागको नाम परिवर्तन गरेर प्रेस तथा सूचना विभाग बनाइयो । सूचना विभागले गर्दै आएको प्रकाशन र वितरणसम्बन्धी काम भने मुद्रण विभागलाई जिम्मा दिई यो विभागको नाम मुद्रण तथा प्रकाशन विभाग राखियो । समग्रमा भन्नुपर्दा यस नीतिले सूचना विभागबारे गरेको व्यवस्था २०२८ को सञ्चार योजनामा गरिएको व्यवस्थाभन्दा तात्विक रूपले भिन्न भने थिएन ।

## अन्तमा

पछिल्लो समयमा मुद्रण तथा सूचना विभाग भनेर छुट्टयाइएका विभागहरूको जग प्रारम्भिक अवस्थामा राज्यको सूचनालाई देश विदेशमा प्रचारप्रसार गर्ने

उद्देश्यले राणा शासकले स्थापना गरेको प्रचार विभाग नै हो । यसले राणाकालदेखि नै सरकारको एकतर्फी प्रचार मात्र गर्दैआएको देखिन्छ । राणा शासकले जुन उद्देश्य लिएर यसको स्थापना गरेको भए पनि व्यवस्था बदलिएपछि पनि विभिन्न समयमा यसलाई शासकहरूले त्यसरी नै उपयोग गर्दैआएको पाइयो । २०६२/६३ को लोकतान्त्रिक आन्दोलनपश्चात् सूचनाको हकसम्बन्धी कानून पनि देशमा निर्माण भइसकेको छ । यस अवस्थामा राज्यका हरेक किसिमका सूचनालाई अद्यावधिक गर्ने र नागरिकलाई उपलब्ध गराउने सन्दर्भमा यस विभागको महत्त्व निकै ठूलो छ । साधारण विश्लेषणकै आधारमा पनि के भन्ने सकिन्छ भने सूचना विभागप्रति राज्यको सोचाइ वा हेराइमा २०४६ सालपछि समेत खासै परिवर्तन आउन सकेको छैन । यद्यपि पछिल्लो यो अवधिमा सूचना विभागको भूमिकालाई गहन ढङ्गले केलाउन थप अध्ययन आवश्यक छ ।

## सन्दर्भ सामग्री

अजीत, अनुभव । २०६४ । नेपाली चलचित्रको आरम्भ । *मिडिया अध्ययन २* : ३५-७३ ।

खत्री, टेकबहादुर । २०३२ । नेपालमा सूचना सेवा । *नेपालमा सार्वजनिक सञ्चार*, पृ. ३०-३२ । काठमाडौं : सूचना विभाग ।

चापागाईं, कृष्णप्रसाद, संयोजक । २०६०[२०१५] । प्रेस कमिशनको प्रतिवेदन । *प्रकाशनको दिग्दर्शन (चौथो संस्करण)* । हरिहर विरही, सं, पृ. २६६-३८३ । काठमाडौं : प्रेस काउन्सिल नेपाल ।

चौलागाईं, यम । २०६४ । *चलचित्रका सारथि* । काठमाडौं : लेखक स्वयं ।

'नविन', टेकबहादुर । २०४० । सूचना विभाग । *नेपाली सञ्चारक्षेत्रको चिनारी*, पृ. २२-२४ । काठमाडौं : सूचना विभाग ।

नेपाल सरकार । २००८ । *नेपाल गजेट* । २२ साउन, पृ. १-१८ ।

पौडयाल, रामराज । २०२७ । *पत्रकारिता* । काठमाडौं : लूनकरणदास चौधरी र विनयकुमार अग्रवाल ।

भारती । २००९ । श्री ५ महाराजाधिराजबाट शाही परामर्शदाताहरूको सल्लाहले जारी गरिबक्सेको आज्ञापत्र । ४(३) : १२७-१२८ ।

मदनपुरस्कार पुस्तकालय । २०३१ । *मदन सौरभ* । काठमाडौं : मदनपुरस्कार पुस्तकालय ।

महर्जन, हर्षमान । २०६६ । पञ्चायती शासनमा 'विकासको लागि सञ्चार' अवधारणाको राजनीति । *मिडिया अध्ययन ४* : ११३-१४८ ।

राणा, खुश्वुशमशेर । २०३३ । *नेपालमा सञ्चार-व्यवस्था* । काठमाडौं : जन्मभूमि प्रेस ।

राणा, त्रिलोक्य, अध्यक्ष । २०३८ । *शाही प्रेस आयोगले चढाएको प्रतिवेदन २०३८* । काठमाडौं : शाही प्रेस आयोग ।

शर्मा, प्रेमराज, सं. । २००५ । *श्री श्री श्री महाराज मोहनशमशेर जङ्गबहादुर राणाका सिन्दूरयात्रामा गोरखापत्र विशेषाङ्क* । काठमाडौं : गोरखापत्र छापाखाना ।
श्यामप्रसाद । २०५५ । *आएका केही चिठी* । काठमाडौं : सुनकोसी साहित्य प्रतिष्ठान ।
श्री ५ को सरकार । २०१८ । *हुलाकको सङ्क्षिप्त इतिहास* । काठमाडौं : प्रचार-प्रसार विभाग ।
श्री ५ को सरकार । २०१९ । *नेपाल २०१९* । काठमाडौं : प्रचार-प्रसार विभाग ।
श्री ५ को सरकार । २०२८ । *राष्ट्रिय सञ्चार सेवा योजना* । काठमाडौं : सूचना तथा प्रसार मन्त्रालय ।
श्री ५ को सरकार । २०३१क । *मेचीदेखि महाकाली (भाग १)* । काठमाडौं : सूचना विभाग ।
श्री ५ को सरकार । २०३१ख । *मेचीदेखि महाकाली (भाग २)* । काठमाडौं : सूचना विभाग ।
श्री ५ को सरकार । २०३१ग । *मेचीदेखि महाकाली (भाग ३)* । काठमाडौं : सूचना विभाग ।
श्री ५ को सरकार । २०३१घ । *मेचीदेखि महाकाली (भाग ४)* । काठमाडौं : सूचना विभाग ।
श्री ५ को सरकार । २०४९[२०४५] । राष्ट्रिय सञ्चार नीति तथा कार्यक्रम, २०४५ । *प्रकाशनको दिग्दर्शन (तेस्रो संस्करण)* । पृ. २८१-३१२ । काठमाडौं : प्रेस काउन्सिल ।
श्री ५ को सरकार । २०६१ । *सूचना विभागको कार्यविधि २०६१* । काठमाडौं : सूचना विभाग ।

GoN. 1953. *An Introduction to Nepal*. Kathmandu: Department of Publicity, Government of Nepal (GoN).
Khatri, Tek Bahadur. 1976. *Mass Communications in Nepal*. Kathmandu: Department of Information, HMG.
Khatri, Tek Bahadur. 1983. *Nepal's Mass Media*. Kathmandu: Department of Information, HMG.